(आ.व. २०८०/०८१) बैठक नं.

आज मिति २०८० साल माघ २६ गते शुक्रवारका दिन विहान ८:०० बजे हरिपुर नगर कार्यपालिकाको एकतिसौं नगर कार्यपालिका बैठक नगर प्रमुख श्री गोपाल पजियार ज्यूको अध्यक्षतामा बसि निम्न अनुसारको प्रस्तावहरुको विषयमा छलफल गरि निर्णय गरियो ।

## उपस्थिती

| क्र स | नाम थर | पद | दस्तखत |
|---|---|---|---|
| १ | गोपाल पजियार | नगर प्रमुख | |
| २ | निलम देवी राय यादव | नगर उपप्रमुख | |
| ३ | नानी वावु थापा | सदस्य(वडा अध्यक्ष वडा नं.१) | |
| ४ | निल विक्रम थापा<br>कार्यवाहक अध्यक्ष सहदेव दास बनिया | सदस्य (वडाअध्यक्ष वडा नं.२) | |
| ५ | लाल महम्द शेष | सदस्य (वडाअध्यक्ष वडा नं.३) | |
| ६ | संजय प्रसाद साह | सदस्य (वडा अध्यक्ष वडा नं.४) | |
| ७ | सुरेन्द्र प्रसाद चौधरी | सदस्य (वडा अध्यक्ष वडा नं.५) | |
| ८ | प्रेमहरि श्रेष्ठ | सदस्य (वडाअध्यक्ष वडा नं.६) | |
| ९ | मनोज कुमार चौधरी | सदस्य (वडा अध्यक्ष वडा नं.७) | |
| १० | हरि बहादुर थापा | सदस्य (वडाअध्यक्ष वडा नं.८) | |
| ११ | विश्वनाथ राय | सदस्य (वडाअध्यक्ष वडा नं.९) | |
| १२ | फिरोजा खातुन | सदस्य (महिला) | |
| १३ | सुमिन्त्रा देवी | सदस्य (महिला) | |
| १४ | सिमरिखिया देवी दास | सदस्य (महिला) | |
| १५ | गंगीया देवी | सदस्य (महिला) | |
| १६ | चितोरिया कुमारी चौधरी | सदस्य (महिला) | |
| १७ | सिताशरण साह | सदस्य ( दलित तथा अल्पसंख्यक) | |
| १८ | हिरा विश्वकर्मा | सदस्य ( दलित तथा अल्पसंख्यक) | |
| १९ | सन्तोष प्रसाद साह | सदस्य ( दलित तथा अल्पसंख्यक) | |
| २० | कमल बहादुर कार्की | सचिव (प्रमुख प्रशासकीय अधिकृत) | |

मिति २०८०।१०।२६ गते

**प्रस्ताव**

१. पूर्व निर्णयको समीक्षा सम्वन्धमा ।
२. आर्थिक सहायता सम्वन्धमा ।
३. हरिपुर खानेपानी तथा सरसफाई व्यवस्थापन बोर्ड, हरिपुर, सर्लाहीको आर्थिक तथा प्रशासनीक नियमावली, २०८० सम्वन्धमा ।
४. हरिपुर खानेपानी तथा सरसफाई व्यवस्थापन बोर्ड, हरिपुर, सर्लाहीको खानेपानी महसुल निर्धारण सम्वन्धमा ।
५. वडा नं. ७ मा भलिवल ट्रेनिंग सेन्टरमा शोचालय निर्माण सम्वन्धमा ।
६. लक्ष्मीनाथ यूवा क्लव हरिपुरलाई भलिवन प्रतियोगिता संचालन गर्न बजेट विनियोजन सम्वन्धमा ।
७. अधिवक्ताको मस्यौदाको रकम भुक्तानी सम्वन्धमा ।
८. किसान सूचिकरणको लागि सहजकर्ता/गणक छनौट गर्ने सम्वन्धमा ।
९. स्वास्थ्य संस्था हरिपुर र लक्ष्मीपुर वर्थिंग सेन्टरलाई सामग्री खरिद सम्वन्धमा ।
१०. वहुक्षेत्रीय पोषणको आ.व. २०८०।०८१ को बजेट जिनियोजन सम्वन्धमा ।
११. हरिपुर नगरपालिकाको बालबिवाह मुक्त अभियान निर्देशिका, २०८० सम्वन्धमा ।
१२. हरिपुर नगरपालिकाबाट गाई/भैसी पोषण भत्ता वा पोषण सामग्री व्याडको बोका व्यवस्थापन र भ्याक्सीनेशन कार्यक्रम कार्यान्वयन विधि, २०८० सम्वन्धमा ।
१३. पशु चिकित्सकको तलव स्केल सम्वन्धमा ।
१४. वडा नं. १ को सडक मर्मत संभारको रकम विनियोजन गर्ने सम्वन्धमा ।
१५. आँखा शिविर संचालनको खर्च सम्वन्धमा ।
१६. लोड ट्रिपर चलाउन रोक लगाउने सम्वन्धमा ।
१७. निशुल्क जग्गा विद्यालयलाई उपलब्ध गराइएको सम्वन्धमा ।
१८. वडा नं. ६ को स्वास्थ्य चौकीको मर्मत संभार सम्वन्धमा ।
१९. वडा नं. ७ को सामुदायिक भवन कछुडिया टोलमा नपुग रकम विनियोजन सम्वन्धमा ।
२०. विविध सम्वन्धमा ।

निर्णयहरु

प्रस्ताव नं. १ माथि छलफल गर्दा यस नगर कार्यपालिकाको पछिल्ला बैठकहरुबाट भएका निर्णयहरुको समीक्षा गर्दै उक्त निर्णयहरु यथाशिघ्र कार्यान्वयन गर्न सम्वन्धीत विषयगत शाखा एवं वडा कार्यालयहरुलाई निर्देशन गर्ने निर्णय गरियो ।

प्रस्ताव नं. २ मा छलफल गर्दा यस नगरपालिका कार्यालयमा विभिन्न मितिमा आर्थिक सहायताको लागि पेश भएको देहायका निवेदनहरुलाई श्रीमान् नगर प्रमुख ज्यूको तोक आदेश अनुसार यस कार्यपालिकामा पेश भएको हुँदा हरिपुर नगरपलिकाको आर्थिक सहायता वितरण कार्यविधि २०७९ को परिच्छेद ३ मा दफा नं. ७ र ८ मा उल्लेख भए अनुसार चालु आ.व. मा वाह्रौ नगरसभाबाट पारित रेडबुकको हरिपुर नगरपालिकाको चालुगत खर्च शिर्षकको पेज नं. ४८ मा सि.नं. १२४ मा

मिति २०८०।१०।२६ गते

विपन्न परिवारलाई आर्थिक सहयोग खर्च शिर्षक २७२१२ मा रकम रु. ७०००००।०० विनियोजन भएकोवाट तपसिल बमोजिमको आर्थिक सहायता रकम भुक्तानी गर्ने निर्णय गरियो ।

| क.सं. | आर्थिक सहायताको लागि पेश भएको निवेदकको नाम | वार्ड नं. | ठेगाना | के कारण आर्थिक सहायता माग गरेको | वडा समितिको निर्णय मिति र पाना नं. | वडा कार्यालयको मिति, च.नं. अनुसारको सिफारिस पत्र | आर्थिक सहायता रकम रु. |
|---|---|---|---|---|---|---|---|
| १ | अहमद राजा मंसुर | ६ | हरिपुर | गरिवी र विरामीको कारण | २०८०।१०।१८ | ५२४/२०८०।०८।०५ | ६०००।०० |
| २ | सविला खातुन | ६ | हरिपुर | गरिवीको कारण उपचार गराउन नसकेको | २०८०।०९।१८ | ४२८/२०८०।०७।०१ | ६०००।०० |
| ३ | गुलाम गैस मंसुर | ६ | हरिपुर | विरामी तथा विपन्न परिवार | २०८०।०९।१८ | ३८४/२०८०।०६।०७ | ६०००।०० |
| ४ | आजुदिन पमरिया | ६ | हरिपुर | फुसको छानाको घरमा आगलागी | २०८०।१०।१८ | ६२२/२०८०।०८।२५ | ६०००।०० |
| ५ | पुष्पा अञ्जली कुमारी महतो | ६ | हरिपुर | विपन्न परिवार भएकोले अध्ययनको लागि | १०८०।१०।१८ | ६३२/२०८०।०८।२६ | ६०००।०० |
| ६ | विनय दास | ६ | हरिपुर | पेटमा पत्थरी | २०८०।१०।२३ | ९२८/२०८०।१०।२२ | १००००।०० |
| ७ | प्रशान्त चौधरी | ६ | हरिपुर | हात भाँचिएको | २०८०।१०।२३ | ६६९/२०८०।०९।०४ | ६०००।०० |
| ८ | दाजु जल्धारी दास | ६ | हरिपुर | मृत्यु क्रिया खर्च | २०८०।१०।१८ | ७२२/२०८०।०९।१७ | ६०००।०० |

प्रस्ताव नं. ३ माथि छलफल गर्दा यस हरिपुर नगरपालिका अन्तर्गत रहेको हरिपुर खानेपानी तथा सरसफाई व्यवस्थापन बोर्ड, हरिपुर, सर्लाहीले तयार गरी यस नगरपालिकामा पेश गरेको आर्थिक तथा प्रशासनीक नियमावली, २०८० माथी छलफल गर्दा सो नियमावलीमा गहन छलफल अगामी नगर कार्यपालिकाको बैठकमा पेश गर्ने निर्णय गरियो ।

प्रस्ताव नं. ४ माथि छलफल गर्दा हरिपुर खानेपानी तथा सरसफाई व्यवस्थापन बोर्ड, हरिपुर, सर्लाहीको मिति २०८०।०८।२९ गतेको खानेपानी महसुल मासिक रुपमा १० युनिट (१०००० लि.) को रु. १५०।०० शुल्क प्रस्ताव राखी निर्धारण गर्ने निर्णय गर्नको लागि नगरपालिकामा पठाईएकोमा उक्त प्रस्तावलाई यस नगरपालिकाको राजश्व परामर्श समितिको निर्णयानुसार प्रस्ताव भएको दररेट स्वीकृत हुन सिफारिस भई आएको हुँदा यस विषयमा अझ गहन छलफल गरी उक्त निर्णयलाई अगामी नगर कार्यपालिकाको बैठकमा स्वीकृत गर्ने निर्णय गरियो ।

मिति २०८०।१०।२६ गते

प्रस्ताव नं. ५ माथि छलफल गर्दा हरिपुर नगरपालिका वडा नं ७ मा अवस्थित श्री लक्ष्मीनाथ यूवा क्लवले प्रदेश सरकारको वजेटबाट भलिवल ट्रेनिंग सेन्टर संचालन गरिरहेको उक्त ट्रेनिंग सेन्टरमा शौचालय र हयाण्डपाइप नभएको हुँदा महिला र पुरुष खेलाडीहरुलाई सधैं असहज र असजिलो भएकोले हरिपुर नगरपालिकाको आ व २०८०।०८१ को रेडबुकको पुँजिगत खर्चको पेज नं ४९ को सि नं २० को कार्यपालिकाको वैठकको निर्णयानुसार खर्च हुने रकमको खर्च शिर्षक ३११५९ मा विनियोजन भएको रकम रु ४६५००००।०० बाट लागत अनुमान अनुसार शौचालय निर्माण गर्ने निर्णय गरियो ।

प्रस्ताव नं. ६ माथि छलफल गर्दा यस हरिपुर नगरपालिका वडा नं ७ मा महाशिवरात्रीको पावन अवसरमा मिति २०८०।११।२६ गते देखि मिति २०८०।११।३० गते सम्म प्रत्येक वर्ष झै यस वर्ष पनि महिला तर्फ प्रदेश स्तरीय र पुरुष तर्फ अन्तर प्रदेश स्तरीय भलिवल प्रतियोगिता आयोजना गर्नको लागि चाहिने खर्च रु. ४,००,०००।०० प्रस्ताव गरी वडा नं. ७ वडा कार्यालयको प.सं. २०८०।०८१, च.नं. ८५३, मिति २०८०।०९।२४ गतेको पत्र अनुसार सो प्रतियोगिता कार्यक्रम संचालन गर्न यस नगरपालिकाको चालु आ व २०८०।०८१ को रेडबुकको सि नं ११९ (पेज नं. ४८) मा विनियोजन भएको रकम रु. १५,००,०००।०० बाट सो भलिवल प्रतियोगितामा कार्यक्रम संचालन गर्नका लागि रु. ४,००,०००।०० विनियोजन गर्ने निर्णय गरियो ।

प्रस्ताव नं. ७ माथि छलफल गर्दा यस हरिपुर नगरपालिका वडा नं. ९ कामेश्वर सिंहको घर देखि पिडारी पुरानो वजार देखि दुध डेरी सम्म दुवै तर्फ नाला निर्माण गर्ने योजना संचालन नगर्न पूर्व सो नाला निर्माणमा मेरो जग्गा पर्ने भनी श्री. हरिनाथ प्रसाद साह कलवार, रामनाथ साह कलवार र शिवनाथ साह कलवारले दिएको मुद्दामा बादी हरिपुर नगरपालिका वडा नं ९ निवेदक विरुद्ध हरिपुर नगरपालिका समेत उत्प्रेषण र निषेधज्ञा मुद्दामा सर्लाही जिल्ला मलगंवा बस्ने अधिवक्ता श्री शिवराम श्रेष्ठलाई मुद्दा नं. ०८०-WO-०८१९ मुद्दा समेत र ०८०-WO-०८२० को लिखित जवाफ र प्रतिउत्तर पत्र मस्यौदा गरे वापत प्रति मुद्दाको पारिश्रमीक वापत रु १००००।०० दरले २ वटा मस्यौदा लेखे वापत निजको निवेदन अनुसार जम्मा रकम रु २००००।०० हरिपुर नगरपालिकाको चालु आ व २०८०।०८१ को रेडबुकको चालुगत खर्चको पेज नं ४८ को सि नं ११९ को विविभ खर्च हुने रकमको खर्च शिर्षक २२७११ मा रु १५०००००।०० विनियोजन भएको रकमबाट अधिवक्ता श्री शिवराम श्रेष्ठलाई भुक्तानी गर्ने निर्णय गरियो

प्रस्ताव नं. ८ माथि छलफल गर्दा यस हरिपुर नगरपालिकाको आ-व २०७८/७९ मा यस नगरपालिकाको कृषि विकास शाखा अन्तरगत किसान सुचिकरण कार्यक्रमको लागि मिति २०७९/०३/1 गते किसान सुचिकरण कार्यानवयन समितिका संयोजक यस नगरपालिकाको नगर उपप्रमुख श्री निलम देवी राय यादव ज्यूको उपस्थितिमा एक दिने अभिमुखिकरण तालिम पाएका सहजर्कता/गणक हरुलाई तिनीहरुको सम्झौताको बुदा नं १.१२ मा यस कार्यक्रमको निरन्तरताको लागि कार्यक्रम थप भएमा पुन जिम्मेवारी दिन सकिने भनिए

हरिपुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
हरिपुर, सर्लाही
मधेश प्रदेश, नेपाल
२०७३

मिति २०८०।१०।२६ गते

अनुसार यस चालु आ.व. २०८०।०८१ को लागि संघीय सशर्त तर्फका चालुगत खर्च शिर्षकको यस नगरपालिकाको रेडबुकको सि.नं. ३६ मा किसान सूचिकरण कार्यक्रम संचालन गर्न तपसिल बमोजिमका सहजकर्ता/गणकहरुलाई आवश्यकता अनुसार खटाउने निर्णय गरियो ।

तपसिल

१. मो. सादेर आलम, हरिपुर सर्लाही .
२. नितिस कुमार, हरिपुर सर्लाही
३. सुर्दशन महतो, हरिपुर सर्लाही

प्रस्ताव नं. ९ माथि छलफल गर्दा यस नगरपालिका अन्तर्गत स्वास्थ्य संस्था हरिपुर र लक्ष्मीपुर बर्थिंग सेन्टरलाई जेनेटर, वासिंग मेशीन र व्हिल चियर सामग्री आवश्यक भएकोले सो उपलब्ध गराउँनको लागि उक्त समान १/१ थान खरिद गर्न हरिपुर नगरपालिकाको चालु आ व २०८०।०८१ को रेडबुकको पेज नं ४७ को सि नं ८८ को कार्यपालिका बैठकको निर्णय अनुसार खर्च हुने रकम खर्च शिर्षक नं. २२५२९ मा रकम रु ३३०००००।०० विनियोजन भएकोबाट लागत अनुमान अनुसार खरिद गर्ने निर्णय गरियो ।

प्रस्ताव नं. १० माथि छ्लफल गर्दा नेपाल सरकार संघीय मामीला तथा सामान्य प्रशासन मन्त्रालय स्थानीय तह समन्वय शाखा, सिंहदरवार, काठमाण्डौको प.सं. २०८०।०८१, च.नं. १८५, मिति २०८०।०७।१९ गतेको पत्रानुसार यस नगरापलिकाको आ.व. २०८०।०८१ बहुक्षेत्रिय पोषण कार्यक्रम (ब.उ.सि.नं. ३६५००१०६) बजेट खर्च सम्वन्धी मार्ग दर्शन तथा १ नं. शर्त अनुसार जम्मा बजेट रु. १४,५९,०००।०० लाई तपसिल अनुसार बाँडफाड गरी यसै आ.व. भित्र देहाय अनुसारको कार्यक्रम कार्यान्वयन गर्ने निर्णय गरियो ।

बार्षिक कार्य योजना

आ.व: २०८०/०८१ **कार्यक्रमको नाम: बहुक्षेत्रीय पोषण कार्यक्रम**

| क्र.स | | क्रियाकलापहरुको विवरण | इकाई | प्रति इकाई मुल्य | वार्षिक बजेट | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | नेपाल सरकार | स्थानीय तह | जम्मा | |
| १ | **शासकिय प्रवन्ध** | | | | | | | |
| | १ | पोषण सहजकर्ताको प्रोत्साहन खर्च | १२ | २३,००० | २७६००० | | २७६००० | रु. ३,०९,००० |
| | | चाडपर्व खर्च | १ | २३,००० | २३,००० | | २३,००० | |
| | | पोशाक भत्ता | १ | १०,००० | १०,००० | | १०,००० | |
| | | | | | | | | |

हरिपुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
हरिपुर, सर्लाही
मधेश प्रदेश, नेपाल
२०७३

मिति २०८०।१०।२६ गते

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | २ | स्वास्थ्य संस्थामा जाँच गराउन आएका महिलाहरुलाई पोषण सुधारको लागी (प्रथम पटक देखी तेस्रो पटक सम्म एक/एक हजारको दरले तिन हजार र चौथो पटक जाँच गराउदा दुई हजार गरी जम्मा पाँच हजार) नगद अनुदान । | ७०० | ५००० | ० | ३५००००० | ३५००००० | |
| | ३ | नगर स्तरिय पोषण तथा खाद्य सुरक्षा निर्देशन समिती को चौमासिक बैठक | ३ | ४०००० | १२०००० | ० | १२०००० | |
| | ४ | वडा स्तरिय खा.सु.नि. समितिको बैठक | ९ | ८००० | ७२००० | ० | ७२००० | |
| २ | महिला तथा बालबालिका | | | | | ० | | |
| | ५ | महिला सहकारी तथा महिला समुहलाई उद्यमशिलता विकासको लागी सुरुवाती पुंजी अनुदान | २५ | ६२५००० | ६२५००० | ० | ६२५००० | |
| ३ | शिक्षा | | | | | | | |
| | ६ | सामुदायिक विधालयका किशोरीहरुलाइ आईरन चक्की वितरण बारे अभिमुखीकरण तथा रक्तअल्पता परिक्षण,व्यवस्थापन कार्यक्रम | २०० | ५०००० | ५०००० | ० | ५०००० | |
| ४ | खानेपानी तथा सरसफाई | | | | | | | |
| | ७ | कडा शीर्घ कुपोषण भएका बच्चाको आमाहरुलाई पोषण तथा खानेपानी सरसफाई बारे अभिमुखीकरण कार्यक्रम | ७० | २८००० | २८००० | ० | २८००० | |
| ५ | स्वास्थ्य | | | | | | | |
| | ८ | पोषण सूचनामुलक सदेश लेखाई तथा छपाई | ११ | २५००० | २५००० | ० | २५००० | |
| | ९ | पोषण सामग्री दुवानी | | | १०००० | | १०००० | |
| | १० | पोषणमैत्री स्वास्थ्य संस्था घोषणा बारे स्वास्थ्यकर्मीहरुलाई १ दिने अभिमुखीकरण कार्यक्रम | | | ५०००० | | ५०००० | |
| | ११ | पोषण कार्यक्रमको एकिकृत अनुगमन | | | २०००० | | २०००० | |
| | १२ | OTC स्थापना तथा पोषण लेखाजोखा OTC संचालन,सुद्धिढिकरण लागी संचार तथा यातायात खर्च | | | ५०००० | | ५०००० | |
| ६ | पोषणमैत्री स्थानीय शासन प्रवर्द्धन कार्यक्रम | | | | | | | |
| | १३ | वडा नं.६ का सुनौलो हजार दिनका महिलाहरुलाई पोषण बारे अभिमुखीकरण कार्यक्रम | | | ५०००० | | ५०००० | रु. १००,००० |
| | १४ | कुपोषित बच्चाहरुको खोजपडताल कार्यक्रम | | | ५०००० | | ५०००० | |
| | जम्मा | | | | १४५९००० | ३५००००० | ४९५९००० | |

हरिपुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
हरिपुर, सर्लाही
मधेश प्रदेश, नेपाल
२०७३

मिति २०८०।१०।२६ गते

प्रस्ताव नं. ११ माथि छलफल गर्दा यस नगरपालिकाको हरिपुर बालविवाह मुक्त अभियान निर्देशिका, २०८० मा छलफल गर्दा यस विषयमा अझ गहन छलफल गरी अगामी नगर कार्यपालिकाको बैठकबाट स्वीकृत गर्ने निर्णय गरियो ।

प्रस्ताव नं. १२ माथि छलफल गर्दा यस हरिपुर नगरपालिकाबाट गाई/भैसी पोषण भत्ता वा पोषण सामग्री व्याडको बोका व्यवस्थापन र भ्याक्सीनेशन कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८० माथि छलफल गर्दा सो विषयमा अगामी नगर कार्यपालिकाको बैठकमा अझ गहन छलफल गरी स्वीकृत गर्ने निर्णय गरियो ।

प्रस्ताव नं. १३ माथि छलफल गर्दा यस नगरपालिकामा पशु सेवा शाखामा कार्यरत पशु चिकित्सक पदमा मिति २०८०।०३।०१ गते देखि हाल सम्म कार्यरत रहनु भएको डा. दिव्य कृष्ण श्रेष्ठको आर्थिक वर्ष २०७९।०८० को असार मसान्त सम्मको तलव पशु सेवा विभाग, हरिहरभवन, ललितपुरबाट निकासा प्राप्त भई तलब भुक्तानी गरेकोमा आर्थिक वर्ष २०८०।०८१ मा हाल सम्म पशु सेवा विभागले तलबको रकम नपठाएको हुँदा र बारम्वार पशु सेवा विभाग, हरिहरभवन, ललितपुरलाई पत्राचार समेत गरिएको तथा निजको सेवा कार्यालयलाई अझ आवश्यक रहेकोले र मिति २०८० माघ देखि २०८१ असार मसान्त सम्म निजको करार सेवालाई निरन्तरता दिई म्याद थप गरिएको हुँदा रकम प्राप्त भए पछि सोधभर्ना हुने गरी हाल हाललाई बाह्रौ नगरसभाको चालुगत खर्चको पेज नं. ४५ मा सि.नं. ३४ मा खर्च शिर्षक नं. २२४१३ मा करार सेवा शुल्कमा रकम रु. १,५०,००,०००।०० विनियोजन भएको रकमबाट २०८०।०९।०१ गते देखि २०८१ असार मसान्त सम्मको तलव भुक्तानी गर्ने निर्णय गरियो ।

प्रस्ताव नं. १४ माथि छलफल गर्दा यस नगरपालिका वडा नं. १ को सडक मर्मत संभार गर्न वडा कार्यालयको माँग नै आएको हुँदा यस नगरपालिकाको चालु आ.व. २०८०।०८१ को रेडबुकको चालुगत खर्चको पेज नं. ४५ को सि.नं. २० को खर्च शिर्षक २२२३१ मा निर्मित सार्वजनिक सम्पतिको मर्मत सम्भार खर्चमा रु ५,००,०००।०० विनियोजन भएकोबाट रु १,३३,०००।०० विनियोजन गरी उपभोक्ता समितिबाट सो मर्मत संभार कार्य गर्ने निर्णय गरियो ।

प्रस्ताव नं. १५ माथि छलफल गर्दा यस नगरपालिका वडा नं. १ हजारविघामा मिति २०८०।१०।०४ गते श्री तिल गंगा आँखा अस्पतालबाट संचालन भएको आँखा शिविर कार्यक्रमबाट भएको रु. ४००००।०० खर्चमा यस नगरपालिकाको तर्फबाट रु. ४००००।०० व्यहोरिने गरी कार्यक्रममा सहयोग गर्न वडा सचिवलाई जिम्मेवारी दिएको हुँदा यस नगरपालिकाको आ.व. २०८०।०८१ को रेडबुकको हरिपुर नगरपालिकाको चालुगत खर्चको पेज नं. ४८ को सि.नं. ११८ को खर्च शिर्षक २२७११ मा विविध शिविर, संचार, इन्टरनेट खर्च रु १०,००,०००।०० विनियोजन भएको रकमबाट वडा सचिव श्री राजन कुमार पाँचे मगरलाई रु ४०,०००।०० भुक्तानी गर्ने निर्णय गरियो ।

मिति २०८०।१०।२६ गते

प्रस्ताव नं. १६ माथि छलफल गर्दा यस नगरपालिकाको वडा नं. १, ४ र ९ को गाउँमा रहेको कालोपत्रे सडकबाट ढुंगा गीट्टीको अत्यधिक लोड लिई बारम्बार ट्रिपरहरु चलिरहँदा उक्त कालोपत्रे ठाउँ ठाउँमा भत्किरहेको हुँदा वैकल्पीक मार्ग प्रयोग गर्न लगाई सो क्षेत्रमा लोड ट्रिपर आदि चलाउन रोक लगाउने गरी सम्वन्धीत वडा कार्यालयलाई पत्राचार गर्ने निर्णय गरियो ।

प्रस्ताव नं. १७ माथि छलफल गर्दा यस नगरपालिका वडा नं ६ मा बस्ने श्री प्रेमहरि श्रेष्ठको नाममा जि.स. गाविस लक्ष्मीपुर को. को वार्ड नं. ४ (क) को किता नं. ३८६ को क्षेत्रफल ०-७-२ नम्वरी दर्ता कायम रहेको सो जग्गा यस नगरपालिका वार्ड नं. ६ को श्री सार्वजनिक माध्यमिक विद्यालयलाई निशुल्क जग्गा उपलव्ध गराउने गरी दिएको मञ्जुरीनामा, जग्गाको लालपुर्जा, वडाको सिफारिस, मञ्जुरीनामा पत्रहरु साथै नगर कार्यपालिकाको निर्णय संलग्न राखी प्रचलित कानून अनुसार जग्गादाताको नामबाट विद्यालयको नाममा नामसारी दर्ता कार्य गर्नको लागि सम्वन्धीत निकायमा लेखि पठाउँने निर्णय गरियो ।

प्रस्ताव नं. १८ माथि छलफल गर्दा यस नगरपालिकाको वडा नं. ६ लक्ष्मीपुरमा रहेको स्वास्थ्य चौकीको मर्मत संभार तथा सो को प्रांगणमा ब्लक ओछयाउने कार्य र स्वास्थ्य चौकी भवन र बर्थिंग सेन्टरको माथिल्लो तल्लामा रंगरोगन तथा वाइरिंग कार्य गर्न यस नगरपालिकाको आ.व. २०८०।०८१ को रेडवुकको चालुगत खर्चको पेज नं. ४९ को सि.नं. २० को कार्यपालिकाको निर्णयानुसार खर्च हुने रकम खर्च शिर्षक ३११५९ मा रु ४६५००००।०० विनियोजन भएको रकमबाट रु ६०००००।०० विनियोजन गरी उपभोक्ता समितिबाट सो मर्मत संभार कार्य गर्ने निर्णय गरियो ।

प्रस्ताव नं. १९ माथि छलफल गर्दा यस नगरपालिकाको वडा नं. ७ को कछडिया टोलमा वडास्तरीय योजना/सामुदायक भवन कछडिया टोल ट्रस भर्याङ तथा नाला मर्मत कार्यमा खर्च सि.नं. १९ को शिर्षक नं. ३११५९ मा रु. ५०००००।०० विनियोजन भएको कार्यमा प्रावधिक लागत अनुमान अनुसार रु. ७,२५,७१४.३२ लाग्नेमा प्राविधिक लागत अनुमान अनुसार नपुग रकम रु. २,२५,७१४.३२ यस नगरपालिकाको आ.व. २०८०।०८१ को रेडबुकको हरिपुर नगरपालिकाको चालुगत खर्चको पेज नं. ४९ को सि.नं. २० को कार्यपालिकाको निर्णयानुसार खर्च हुने रकम खर्च शिर्षक ३११५९ मा रकम रु ४६,५०,०००।०० विनियोजन भएको रकमबाट थप गरी सो निर्माण कार्य उपभोक्ता समितिबाट संचालन गर्ने निर्णय गरियो ।